UMH
UNITED MODI HYDROPOWER

# युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड

पहिलो तल्ला, हेरिटेज प्लाजा-२, कमलादी, का.म.न.पा.-२८, काठमाण्डौं
फोन : ०१-४१६९११४/०१-४१६९११३
इमेल : unitedmodi@ntc.net.np, वेबसाइटः www.umh.com.np

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/१२/२४ गते)**
**(दोस्रो पटक प्रकाशित मिति २०८३/०१/१८ गते)**

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस कम्पनीको मिति २०८२/१२/२२ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको आ.व. २०८१/०८२ को बाह्रौ वार्षिक साधारण सभा निम्नलिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल गरी निर्णय गर्नको लागि कम्पनीको बाह्रौ वार्षिक साधारण सभा बोलाईएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारी गराउँदै बार्षिक साधारण सभामा सहभागिता जनाई दिनु हुन सविनय अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ ।

**१. सभा हुने मिति, समय र स्थान :**

मिति : २०८३ बैशाख २७ गते आइतबार (तद्अनुसार १० मे, २०२६)
समय : विहान ११:०० बजे।
स्थान : कालिमाटि व्यैङ्केट, कालीमाटी काठमाण्डौं ।

**२. छलफलका विषयहरू :**

**क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ का वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरू उपर छलफल गरी स्वीकृत गर्ने ।
३ संचालक समितिले प्रस्ताव गरे बमोजिम प्रस्तावित बोनश शेयरमा लाग्ने कर प्रयोजनको लागि कम्पनीको चुक्ता पूजी रु.१,२३०,५००,०००।- को ०.३६८४२ प्रतिशतले हुन आउने रकम रु.४५,३३,४२१।- (अक्षरेपी पैतालिस लाख तेत्तिस हजार चार सय एक्काइस् रुपैयाँ मात्र) नगद लाभांश पारित गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८२/०८३ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. कम्पनीको संचालक समितिमा २ (दुई) संचालक पदको निर्वाचन सम्बन्धमा ।
६. अन्य लगानी योग्य क्षेत्र पहिचान गरी लगानी गर्नु परेमा सञ्चालक समितिलाई अख्तियारी दिने ।

**ख) बिशेष प्रस्ताव**

१. संचालक समितिबाट प्रस्ताव भए बमोजिम आ.व. ०८१।०८२ को अन्त्य सम्मको वितरण योग्य संचित मुनाफाबाट कम्पनीको हालको कायम चुक्ता पूजी रु.१,२३०,५००,०००।- को ७ प्रतिशतले हुने रकम रु. ८,६१,३५,०००।- (अक्षरेपी आठ करोड एकसट्ठी लाख पैंतिस हजार मात्र) रकम बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।
२. कम्पनीले अन्य कम्पनीहरूमा लगानी गर्न सहज बनाउन होल्डिङ्ग कम्पनीको रुपमा विकास गर्नको लागी कम्पनीको नाम परिवर्तन गर्ने तथा सोही अनुसार प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने ।
३. कम्पनीको जारी पुंजी बृद्धि गर्ने सम्बन्धमा ।
४. हकप्रद शेयर जारी तथा निष्काशन गर्ने कार्य गर्दा श्री विद्युत नियमन आयोग, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लि., श्री कम्पनी रजिष्ट्रारको कार्यालय र श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. लगायतका नियमनकारी निकायमा आवश्यक कार्य गर्नका लागि कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
५. माथि उल्लेख गरे बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा गरिएका आवश्यक संशोधनहरू कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृत गराउने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्न र नियामक निकाय तथा अन्य सरकारी कार्यालयबाट जारी नीति निर्देशन बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा परिमार्जन गर्नुपरेमा सो सम्बन्धमा सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

**सञ्चालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**